# प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) (तेस्रो संसोधन) नियमावली, २०७६

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
२०७६/०९/२१

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई संसोधन गर्न (तेस्रो संशोधन) बनेको नियमावली, २०७६**

प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश नं. १ को मन्त्रिपरिषद्ले यो नियमावली बनाएको छ ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यो नियमावलीको नाम **"प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) (तेस्रो संसोधन) नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरे पछि लागु हुनेछ।

२. <u>नियम ६ को उपनियम (१) खण्ड (छ) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ ।

"नियम ६ (१) (छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि एवं पशुपंक्षी हाट बजार व्यवस्थापन सम्बन्धी पूर्वाधार आयोजना,"

३. <u>नियम ६ को उपनियम (१) खण्ड (ज) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ ।

"नियम ६ (१) (ज) उद्योग तथा पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार आयोजना,"

४. <u>नियम ६ को उपनियम (१) खण्ड (ञ) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ ।

"नियम ६ (१) (ञ) आधुनिक शिक्षा, प्राविधिक शिक्षा एवं जनउपयोगी शिक्षा, आधारभूत एवं उच्च शिक्षा सम्वन्धी पूर्वाधार आयोजना,"

५. <u>नियम ६ को उपनियम (१) खण्ड (ड) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ ।

"नियम ६ (१) (ड) आधारभूत आवश्यकतालाई सम्वोधन गर्ने सम्वन्धी अन्य पूर्वाधार आयोजना ।"

६. <u>नियम ७ को उपनियम (१४) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ७ उपनियम (१४) को सट्टा देहायको उपनियम (१४) राखिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

"नियम ७ (१४) समितिले छनौट गरि पठाएको आयोजना नियम ६ वमोजिम नभएमा वा प्रथम चौमासिक अवधिभित्र कुनै आयोजनाको सम्बन्धमा सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिर्वतन गरी पौष मसान्तभित्र सोही स्थानीय तह अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ ।"

७. **<u>नियम १५ को उपनियम (१क) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम १५ उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छ ।

"नियम १५ (१क) उपनियम १ बमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत प्राप्त गर्ने प्रशासनिक खर्च वापतको सून्य दशमलव पाँच प्रतिशतले हुने रकम जिल्ला सदरमुकाममा रहेको स्थानीय तहमा पठाइने छ र उक्त सम्वन्धीत स्थानीय तहबाट सो रकम नियम १५ को उपनियम (१) वमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधिले तीन किस्तामा रकम भुक्तानी लिने छ ।"

८. **<u>अनुसूचीमा हेरफेरः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को अनुसूची–२ को सट्टा देहायको अनुसूची–२ राखिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

अनुसूची–२

(नियम ७ को उपनियम (५) सँग सम्बन्धित)

<u>सचिवले मन्त्रालयमा पठाउनु पर्ने विवरण</u>

जिल्लाः प्रदेश निर्वाचन क्षेत्रः आर्थिक वर्ष

| क्र.सं. | संचालन हुने | | | | विनियोजित रकम | प्रशासनिक खर्च | | | | कार्यक्रम बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | स्थानीय तहको नाम | टोल | वडा नं. | | जिल्ला समन्वय समिति | स्थानीय तह | प्रतिनिधि | जम्मा | |
| १ | | ..... पालिका | | | | | | | | |
| २ | | ..... पालिका | | | | | | | | |
| ३ | | ..... पालिका | | | | | | | | |
| ४ | | ..... पालिका | | | | | | | | |
| ५ | | ..... पालिका | | | | | | | | |
| ६ | | ..... पालिका | | | | | | | | |
| ७ | | ..... पालिका | | | | | | | | |
| ८ | | ..... पालिका | | | | | | | | |
| ९ | | ..... पालिका | | | | | | | | |
| १० | | ..... पालिका | | | | | | | | |
| ११ | | ..... पालिका | | | | | | | | |
| १२ | | ..... पालिका | | | | | | | | |
| १३ | | ..... पालिका | | | | | | | | |
| १४ | | ..... पालिका | | | | | | | | |
| १५ | | ..... पालिका | | | | | | | | |
| १६ | | ..... पालिका | | | | | | | | |
| १७ | | ..... पालिका | | | | | | | | |
| १८ | | ..... पालिका | | | | | | | | |
| १९ | | ..... पालिका | | | | | | | | |
| २० | | ..... पालिका | | | | | | | | |
| २१ | | ..... पालिका | | | | | | | | |
| | | | | जम्मा | | | | | | |

नामः

संयोजक तथा प्रदेश सभा सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १